का.जि.प्र.का.द.नं. ४२६/०५७/०५८

# जननायक बी. पी. कोइराला स्मृति ट्रष्ट

स.क.द..न.२१०९६ पान. नं. ३०१९०८१३५

मिति : २०७६।५।२

## प्रेस विज्ञप्ति

जननायक बी.पी. कोइराला स्मृति ट्रष्टले प्रत्येक वर्ष बी.पी. जयन्तीका अवसरमा **बी.पी. साहित्य सम्मान पुरस्कार र सेनानी सम्मान पुरस्कार** प्रदान गर्दै आएको छ। एक लाख एक हजारको यो नगद पुरस्कार यस वर्ष वरिष्ठ साहित्यकार तिल विक्रम नेवाङ.'बैरागी काइला, लाई दिने निर्णय गरेको छ

त्यसरीनै ट्रष्टले प्रति बर्ष प्रदान गर्ने **सेनानी सम्मान पुरस्कार**-२०७६ यस वर्षको प्रजातन्त्र स्थापनाको आन्दोलन एवं संर्घषमा महत्वपूर्ण योगदान पुर्‍याउनुहुने मधुकान्त सिहं सप्तरीलाई दिने निर्णय गरेको छ। पुरस्कारको राशी एकाउन्न हजार रहेको छ।

ट्रष्टका कोषाध्यक्ष श्री पुरुषोत्तम बस्नेतको संमयोजकत्वमा ट्रष्टका सदस्यहरु –डा. धुब्रचन्द्र गौतम् र सुशील मान शेरचन समेतको सिफारिस समितिको सर्वसम्मतिबाट गत साउन १५ गते उक्त निर्णय गरिएको हो।

यी पुरस्कारहरु आगामी भदौ २४ , गते बी.पी. जयन्तिको अवसरमा काठमाडौंमा आयोजना हुने विशेष समारोहमा प्रदान गरिने छ।

यस भन्दा पहिले– २०७१ मा यो साहित्य सम्मान वरिष्ट साहित्यकार रत्नशम्शेर थापा र सेनानी सम्मान नुतन थपलियालाई, २०७२ मा साहित्यकार गोपाल पराजुलीलाई र सेनानी सम्मान स्व. तारानाथ कोइरालालाई प्रदान गरिएको थियो।

यसै गरि २०७३ मा यो साहित्य सम्मान पुरस्कार साहित्यकार भुवन ढुङ्गाना तथा सेनानी सम्मान श्यामलाल श्रेष्ठलाई प्रदान गरियो, २०७४ मा साहित्य तर्फ प्रा.डा.अभि सुवेदी र सेनानी सम्मान दाङका तीर्थ राज चैतुलाई प्रदान गरिसकिएको छ। गत वर्ष २०७५मा साहित्य सम्मान साहित्यकार रोचक घिमिरे र सेनानी सम्मान स्व. चक्र बास्तोलालाई प्रदान गरिएको थियो।

रामचन्द्र पोखरेल
महासचिव

**Office:** BP Trust, Dhumbarahi, Kathmandu, Nepal
**Email:** bpkorirala.memorial@gmail.com, **Phone:** 01-4427901, **Mob.:** 9851024766